अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ७ संख्याः-३ मितिः-२०८०/११/१०

## भाग-२

## पौवादुङमा गाउँपालिका

**प्रस्तावना:** नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत महिलाको हकको कार्यान्वयन गर्न यस गाउँपालिका क्षेत्रका प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धि हकको कार्यान्वयन गर्नका लागि आर्थिक वर्ष २०८०।०८१ बजेट तथा कार्यक्रममा उल्लेख भएको गर्भवति महिलालाई पोथि वितरण गरी अण्डा कार्यक्रम(आफै पाल्दै आफै खादै) र रातो भाले वितरण विषयलाई कार्यान्वयन गर्न पौवादुङमा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमन ऐन २०७५ बमोजिम कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद– १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "**गर्भवती र सुत्केरी महिलालाई भाले र पोथी वितरण कार्यान्वयन कार्यविधि, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको क्षेत्रभित्र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रम समेतलाई जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "प्रतिवेदन" भन्नाले यस कार्यविधि बमोजिम तयार गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(छ) "सुपरिवेक्षण" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ ।

## परिच्छेद– २

## लक्षित वर्गको पहिचान तथा छनौटका आधार

३. **लक्षित वर्गको पहिचानः पौवादुङमा गाउँपालिका क्षेत्रका सबै गर्भवती तथा सुत्केरी महिलाहरु** लक्षित वर्ग भित्र पर्नेछन्।

४. **लाभग्राहीको छनौटको आधार तथा विधीः** स्वास्थ्य संस्थाले प्रमनणित गरेको गर्भवती खुल्ने कागजात।

## परिच्छेद– ३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

५. **वित्तिय प्रबन्धः** (१) गाउँपालिकाले विनियोजन गरेको रातो भाले तथा अण्डा दिने पोथी वितरण कार्यक्रम शिर्षकबाट कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(२) यस कार्यक्रममा एक देखी दुई किलो सम्मका दुई वटा पोथी र एक किलो देखी तीन किलो सम्मका भाले गरी दुई वटा पोथी र एक वटा भाले प्रदान गरिनेछ।

(३) स्वास्थ्य संस्थाबाट वितरण गरिएको प्रमाणित वजन सिफारिसको आधारमा वितरण गरिनेछ।

(४) स्थानीय स्तरमा पालिएका फर्म तथा व्यक्तीहरु संग गाउँपालिकाले भाले र पोथी खरिद गर्नेछ।

(५) गर्भवती र सुत्केरीहरू स्वास्थ्य संस्थामा आउन नसकेमा निजका परिवारका सदस्यहरुलाई उपलब्ध गराइनेछ।

## परिच्छेद– ४

## कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

८. **पौवादुङमा गाउँपालिका स्वास्थ्य शाखाका काम कर्तव्य र अधिकारः** यो कार्यविधिको कार्यान्वय गर्ने सन्धर्भमा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय स्तरमा पालिएका फर्म तथा व्यक्तीहरु संग भाले र पोथी खरिद गर्ने।

(ख) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्न र यस कार्यविधिमा परिमार्जन तथा संसोधन गर्नुपरेमा आवश्यक तयारी गरी स्विकृतिको लागि पेश गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निति तर्जुमा गर्ने तथा वजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने ।

(घ) कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

**९. स्वास्थ्य संस्थाको काम, कर्तव्य र अधिकारः- स्वास्थ्य संस्थाको** काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक कार्यवाही गर्ने ।

(ख) लाभग्राहीहरुलाई सूचना जारी गर्ने ।

(ग) वितरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

(ङ) कार्य सम्पन्न भएको अभिलेख राख्ने ।

(च) कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने ।

**परिच्छेद — ५**

**समिति सम्बन्धी**

**११. पालिकास्तरीय अनुगमन समितिः** कार्यक्रम कार्यान्वयन गर्नका लागि पालिकास्तरमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

**१२. बैठक सम्बन्धी कार्यविधिः** (१) पालिकास्तरीय अनुगमन समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(२) अनुगमन तथा कार्यक्रम व्यवस्थापन भत्ता, खाना, खाजा खर्च प्रशासनिक खर्चबाट भुक्तानी हुनेछ।

**१३. पालिकास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकारः-** पालिकास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वितरण गरिएका भाले र पोथीहरुको स्थलगत अनुगमन गर्ने।

(ख) लाभग्राहीलाई उपलब्ध गराइने भाले र पोथी खरिदको रकमको निर्धारण तथा पुनरावलोकन गर्ने

(ग) कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका बाधा अड्चन फुकाउने, आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने गराउने ।

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयन सँग सम्बन्धित निकायहरुबीच समन्वय गर्ने ।

## परिच्छेद — ६

## विविध

**१८. गुनासो वा उजुरी गर्न सकिनेः** (१) लाभग्राही छनौट सिफारिस उपर चित नबुझेमा कुनै पनि स्थायी बासिन्दाले गाउँपालिकामा पालिकास्तरीय अनुगमन समिति समक्ष उजुरी दिन सकिनेछ ।

**१९. पालना गर्नु पर्नेः** यस कार्यक्रम मार्फत वितरण गरिएका पोथीहरु शिशु जन्मेको दुई बर्षसम्म निजको पोषण अवस्था सुधार गर्नका लागि कम्तिमा दुई बर्ष अनिवार्य पाल्नु पर्नेछ अन्य कारणबाट मासिएमा सोधभर्ना गर्ने जिम्मेवारी सम्बन्धित लाभग्राहीको हुनेछ।

**२१. बाधा अड्चन फुकाउः यस कार्यविधि जारी हुनु अगाडी वितरण गरिएका भाले र पोथीहरु यसै कार्यविधि बमोजिम वितरण गरिएको मानिनेछ।**

आज्ञाले,

नविन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत